# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिका वडा नं. ४ स्थित सिम्लका घट्ट सिंचाई कुलो निर्माणमा अघिल्लो आ.ब. २०७६/०७७ मा रकम विनियोजन गरी कार्यसम्पन्न भएको र सोही कामलाई आधार मानी आ.ब. २०७७/०७८ मा कुनै पनि काम नगरी भुक्तानी लिई अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिका वडा नं. ४ स्थित सिम्लका घट्ट सिंचाई योजनाको आ.ब. २०७६/०७७ मा बार्षिक बजेट विनियोजन भई फिल्डमा कार्य सम्पन्न भइसकेको, आ.ब. २०७७/०७८ को बार्षिक योजना किताबमा उक्त सिम्लका घट्ट सिंचाई योजना नरहेको र फिल्डमा कुनै कामसमेत नभएकोमा पहिले नै सम्पन्न भइसकेको योजनालाई आ.ब. २०७७/०७८ मा उक्त योजनाको उपभोक्ता समिति र गाउँपालिका बीच सम्झौता, लागत अनुमान, प्राविधिक मूल्याङ्कनसहितको Measurement book, valuation sheet and work completion report समेतका गलत लिखत तयार गर्ने/गराउने कार्य गरी सोही गलत लिखतको आधारमा उपभोक्ता समितिलाई भुक्तानीको लागि सिफारिस गरेको, योजना नै नरहेको कामको लागत अनुमान, सम्झौता पत्र, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका गलत लिखत कागजातहरु लुकाउने छिपाउने बदनियतले च्यातें/च्यात्न लगाएको र झुट्टा बिल भरपाईको आधारमा रु.१४,०८,८१७।- रकम भुक्तानीको लागि चेकसमेत दिए लिएको देखिएबाट उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिकाका **तत्कालीन अध्यक्ष वर्क बहादुर रोकाया,** वडा नं. ४ का **तत्कालीन वडा अध्यक्ष भीम बहादुर रोकाया** | **जनही** रु.१४,०८,८१७/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन एवं **गलत लिखत तयार** गरे/गराएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन साथै लिखतहरु **च्यातेको/च्यात्न लगाएको** पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसूरमा सोही ऐनको दफा १२ बमोजिमको कैद र जरिवानाको सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिका. गाउँ कार्यपालिकाका | **जनही** रु.१४,०८,८१७/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **दिपक कुमार रावल,** तत्कालीन इन्जिनियर **सुरेन्द्र बहादुर खाती,** तत्कालीन प्राविधिक असिष्टेण्ट इन्जिनियर **जनक थापा मगर,** तत्कालीन **लेखापाल मदन राज जोशी** | | दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन एवं **गलत लिखत तयार** गरे/गराएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन साथै लिखतहरु **च्यातेको/च्यात्न लगाएको** पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसूरमा सोही ऐनको दफा १२ बमोजिमको कैद र जरिवानाको सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिकाको वडा नं. ४ अन्तर्गत सिम्लका घट्ट सिंचाई कुलो योजनाको उपभोक्ता समितिको **तत्कालीन अध्यक्ष शमशेर रोकाया** | रु.१४,०८,८१७/- | मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर गरेकोले मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ९ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर भएकोले मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १२ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर भएकोले मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल